
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १७ गते बिहीबार ❑ 3 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## जोशीलाई गैरकानुनी थुनामा राखेको भन्न मिल्दैन-सर्वोच्च अदालत

**रासस**
काठमाडौं, १६ असोज

सर्वोच्च अदालतले सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा रहेको निक्षेपसमेतका रकम हिनमिना एवं अपचलन गरी ठगीमा पक्राउ परेका छविलाल जोशीलाई गैरकानुनी रुपमा थुनामा राखेको भन्न नमिल्ने भन्दै रिट निवेदन खारेज गरेको छ।

न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासले आज जोशीलाई थुनामुक्त गर्न माग गर्दै दायर गरिएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ठहर गरेको हो। काठमाडौँबाट पक्राउ परेका जोशीलाई हाल कास्की प्रहरीको हिरासतमा राखिएको छ । जोशीका तर्फबाट छोरा रोचक जोशीले थुनामुक्त माग गर्दै बन्दी प्रत्यक्षीकरणको रिट निवदेन सर्वोच्च अदालतमा दायर गर्नुभएको थियो। सहकारी ऐनअन्तर्गत ठगी मुद्दाको अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको, सोहीअनुसार जरुरी पक्राउ पुर्जी कास्की जिल्ला अदालतबाट यही असोज ७ मा स्वीकृत भएको उल्लेख गर्दै अदालतले बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरेको आदेशमा उल्लेख छ।

गोर्खा मिडियाका तत्कालीन सञ्चालक जोशीलाई प्रहरीले यही असोज ६ मा काठमाडौँबाट पक्राउगरी सुरुमा पाँच दिन र दोस्रोपटक सात दिनका लागि हिरासतमा राखी अनुसन्धान गर्न प्रहरीलाई कास्की जिल्ला अदालतले अनुमति दिएको थियो। आदेशमा भनिएको छ, "कास्की जिल्ला अदालतबाट अनुमति प्राप्त भएबमोजिम हिरासतमा रहेको अवस्था देखिएका सन्दर्भमा निवेदकलाई गैरकानुनी रूपमा थुनामा राखिएको भन्न मिल्ने नदेखिँदा मागबमोजिम बन्दी प्रत्यक्षीकोरण आदेश जारी गर्न मिलेन, प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।" आदेशमा सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा रहेको निक्षेपसमेतका रकम हिनमिना एवं अपचलन गरी ठगी गरेको भन्ने जून कसूरको अनुसन्धानको सिलसिलामा निवेदकलाई हिरासतमा राखिएको हो सोतर्फ हालसम्म प्राप्त कागजात हेर्दा मिति २०७७ असार २ गते सहकारीको गोर्खा फाइनान्समा रहेको चेकबाट १० लाख यी निवेदकले भुक्तानी लिएको भनी उल्लेख भएकामा सोही दिन निज निवेदकले गीतेन्द्रबाबु राईको नाममा बैंक चेकमार्फत उक्त १० लाख फिर्ता गरेको भन्ने देखिएको उल्लेख छ।

## कास्कीकोटमा राष्ट्र शान्तिको कामना गर्दै नवदुर्गा महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज



कास्कीकोट दरबारमा रहेको गुप्तकालीका मन्दिरमा राष्ट्र शान्तिको कामना गर्दै नवदुर्गा महोत्सव हुने भएको छ।

गुप्तकाली कश्यप धार्मिक क्षेत्रविकास समितिको आयोजनामा बडा दसैंको अवसरमा घटस्थापनादेखि नवमीसम्म उक्त महोत्सव हुन लागेको हो।

परापूर्व कालदेखि तान्त्रिक तथा वैदिक पूजा हँदै आएको मन्दिरमा यस वर्ष देशमा आएको वाढी पहिरो तथा प्राकृतिक प्रकोपबाट मानवीय तथा भौतिक क्षति नहोस् भन्दै शान्तिको कामनार्थ घटस्थापनादेखि दशमीसम्म पुजारीहरू मन्दिरमा नै बसेर गुप्तकालिकाको पूजा गरिने धार्मिक क्षेत्रविकास समितिका अध्यक्ष दिलीपविक्रम शाहीले बताए।

घटस्थापनाको दिन असोज २८ गते विधिवत रुपमा कोतमा प्रवेश गरी नवदुर्गाभर विशेष रुपमा चण्डी पाठ दुर्गा कवज हुने धार्मिक क्षेत्रविकास समितिका सचिव ठाकुरप्रसाद त्रिपाठीले बताए । त्रिपाठीका अनुसार कास्कीकोट गुप्तकालिका मन्दिरमा परापूर्वकालदेखि पर्व विशेषमा विभिन्न गतिविधि सञ्चालन हुँदै आएका छन्। यस वर्षको बडा दसैंको १० दिनसम्म कोतघरमा पाणा पुजारीसहित राष्ट्र शान्तिको कामना गर्दै विशेष पूजा गरिने भएको हो। तान्त्रीक तथा वैदीक पूजा हुने त्रिपाठीले बताए। बडा दसैंको फूलपातीमा पोखराको रामघाटबाट लगेको फूलको डोली विधिवत मन्दिर प्रवेश गराएर नवपत्रिकाको तान्त्रिक पुजा गरीने त्रिपाठीले बताए । उनले भने फुलपातीकै दिन कुँवर जातिको लोपोन्मुख सैन्य अभ्यास सरुन खेल समेत प्रदर्शन गरिने कार्यक्रम रहेको छ । अष्ठमीको दिन मध्यरातमा कालरात्रीको पुजा र नवमीमा पञ्चवली दिने गरिन्छ। दशमीमा मन्दिरमा टीका ग्रहण गरी वास्पानीकालीकामा फुलपत्र सहित पुजा विर्सजन हुने छ।

कास्कीकोटमा नेपालमा नै लोपोन्मुख सरुङ खेल र मालश्री धुन प्रस्तुत गरिने सचिव त्रिपाठीले बताए। कास्कीकोटमा दसैंको बेलामा बजाइने नगरा, सत्रौं शताब्दीका ढाल तरबारहरू लगायत तोपहरूको समेत प्रदर्शन गरिने मन्दिरका अमाली खिमबहादुर कार्कीले बताए । यहाँ पूजा र पञ्चबली भाकल गर्नेहरूको दैनिक भिड लाग्छ। गुप्तकालिका मन्दिरमा कास्की राज्यको स्थापनासँगै यहाँ हरेक दसैंमा विशेष पूजा हुँदै आएको छ । यस ठाउँबाट नै कास्की जिल्लाको नामकरण भएको किंदन्ती रहेको छ।

## बचत अपचलन मुद्दामा नगरप्रमुख नेपालीलाई कारागार चलान

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ असोज

बचत रकम अपचलन गरेको आरोपमा १६ महिनापछि पक्राउ परेका ढोरपाटन नगरपालिकाका नगरप्रमुख तथा इमेज बचत तथा ऋण सहकारीका संस्थापक अध्यक्ष देवकुमार नेपालीलाई पुर्पक्षका लागि थुनामा राख्न जिल्ला अदालत बागलुङले आदेश दिएको छ।

सोह्र महिनादेखि फरार नेपालीलाई केन्द्रीय अनुसन्धान व्यूरोले भारतमा पक्राउ गरी शनिबार नेपाल ल्याएर जिल्ला अदालत बागलुङमा सोमबार पेस गरिएको थियो । इजालस अधिकृत ऋषिराम रिजालका अनुसार नेपालीको बयान सोमबार नै सकिएको थियो । मङ्गलबार थुनछेक बहसपछि जिल्ला न्यायाधीश रमेशकान्त अधिकारीको इजलाशले नेपालीलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको रिजालको भनाइ छ। भारतको दिल्लीबाट गत शुक्रबार पक्राउ परेका नेपालीलाई अनुसन्धानका लागि आइतबार मात्रै बागलुङ ल्याएको थियो। सहकारी ठगीमा अध्यक्ष नेपालीसहित सञ्चालकविरुद्ध कास्कीका पाँच सय २४ र बागलुङका एक हजार पाँच सय ४३ बचतकर्ताले गत वर्ष जेठमै उजुरी दिएका थिए।

सहकारीका बचतकर्ताको रु दुई अर्ब बचत रकम हिनामिना गरी २०८० जेठ ५ मा बुर्तिबाङ बजारबाट उनी परिवारसहित फरार भएका थिए । उनीसँगै पक्राउ परेका ओमप्रसाद दर्जीलाई रु एक लाख ५० हजार धरौटीमा छोड्न आदेश दिएको छ।

## पोखरामा बिहान ४:३० देखि नै हवाई उडान हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज

पोखरामा विहिबारदेखि ४:३० देखि नै हवाई उडान हुने भएको छ। नेपालीहरुको महान चार्ड बडा दशैं पर्व नजिकीदै गर्दा हवाई यात्रामा यात्रुको माग र चाप बढेकोले बिहीबारदेखि पोखरा देखि काठमाण्डौंको हवाई उठान विहान ४:३० बजेदेखि गर्न सकिने भएको पोखरा अन्तर ाष्ट्रिय विमानस्थलले जनाएको छ।

चाडपर्वसँगै गत शुक्रबार र शनिबार परेको अविरल वर्षाले बाढी र पहिरोको जोखिम बढेपछि हवाइ चाप बढेको हो।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यो नियम बिहीबार घटस्थापना अर्थात असोज १७ गतेदेखि कात्तिक १ गते पूर्णिमासम्म लागू हुनेछ। यो नियम अनुसार उपकरणको सहायताबाट उडान हुने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भद्रपुर, विराटनगर, जनकपुर, नेपालगञ्ज र धनगढी विमानस्थल रहेका छन् । यस अघि ५:०० बजे विमानस्थल तयारी गरी बिहान ६:०० बजे देखि हवाई उडान भएकोमा भोलि बिहान साढे ४:०० बजने तयारी गरी ४:३० बजे उडानको तयारी गरिएको पोखरा विमानस्थलका सूचना अधिकारी जसोदा रेग्मी सुवेदीले जनाउनु भयो।

पोखरा विमानस्थल बिहान ६ बजेदेखि राति १२ बजेसम्म १८ घण्टा सञ्चालन हुँदै आएकोमा अब कात्तिक १ गतेसम्म साढे १३ घण्टा सञ्चालन हुनेछ। पछिल्लो केही दिन देखि सडकमा पहिरोले सडक अबरुद्ध हुँदा हवाई रुटमा यात्रुको चाप बढेको हो।

## विपद्बाट दुई सय ४२ को मृत्यु, २२ बेपत्ता

**रासस**
काठमाडौं, १६ असोज

पछिल्लो विपद्बाट मुलुकभर दुई सय ४२ जनाको मृत्यु भएको छ। बाढी, पहिरामा परी २२ जना बेपत्ता र एक सय २८ जना घाइते भएका छन्।

हालसम्म विपद्बाट कोसी प्रदेशमा २३, मधेसमा आठ, उपत्यकामा एक सय एक, बागमतीमा एक सय आठ र लुम्बिनीमा दुई जनाको मृत्यु भएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ । बाढीपहिराबाट मुलुकभर एक हजार सात सय ६९ घर र ५५ वटा पुलमा क्षति पुगेको छ।

विपद्का घटनामा फसेका १३ हजार एक सय २९ जनाको उद्धार भएको सशस्त्र प्रहरीले जनाएको छ।




# जनप्रिय क्याम्पसमा शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

जनप्रिय बहुमुखी क्याम्पसले आसन्न दसैं, तिहार, नेपाल सम्बत्, छठ, ल्होसार पर्वको छेको पारेर शुभकामना आदानप्रदान तथा सिर्जनात्मक कार्यक्रम सम्पन्न गरेको छ।



असोजको दोस्रो साता विपत्मा परी ज्यान गुमाएका मृतकका प्रति श्रद्धाञ्जली, परिवारजनमा समवेदना र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै क्याम्पस सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख अतिथि वीरेन्द्रनारायण विजेक्छेले शैक्षिक संस्थालाई गतिशील र जीवन्त बनाउन प्राध्यापक तथा कर्मचारीको भूमिका अहम् हुने हुँदा आफ्नो कर्तव्य सही तरिकाले निर्वाह गरेमा क्याम्पसको उन्नति र प्रगति हुने हुँदा यसैलाई शुभकामना मान्न आग्रह गरे। निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काले शुभकामना मन्तव्य दिँदै भने 'मानित विश्वविद्यालयतर्फ उन्मुख क्याम्पसको साखलाई कायम राख्ने दायित्व शिक्षक कर्मचारीको हो।' खड्काले पेसागत मर्यादालाई ख्याल गर्दै गुणस्तरमा संझौता नगर्नु नै असल शिक्षकको भूमिका भएकोले क्याम्पसलाई केन्द्रमा राखेर काम गर्न आग्रह गर्दै शुभकामना आदानप्रदान क्याम्पसको ३ दशकदेखिको संस्कृति भएको जनाए। क्याम्पस सञ्चालक समितिका सदस्य विजयराज आचार्यले साँस्कृतिक अतिक्रमको खतरा बढेकाले नेपालीहरूका चाडपर्व र संस्कृति जोगाउन चुनौती भएको हुँदा मितव्ययी र सिर्जनशील भई मनाउन आग्रह गरे।

पब्लिक क्याम्पस प्राध्यापक संघका केन्द्रीय सदस्य भेषराज उपाध्याय बराल, केन्द्रीय सल्लाहकार वेदहरी तिमिल्सिना, पूर्व क्याम्पस प्रमुख लोकराज भण्डारी, पूर्व निमित्त क्याम्पस प्रमुख कृष्णबाबु बराल, सहायक क्याम्पस प्रमुख मेखराज पौडेल, प्राध्यापक संघका विकास थापामगर, प्रगतिशील प्राध्यापक संगठनका सन्तोष अधिकारी, प्रजातन्त्रवादी प्राध्यापक संघका अध्यक्ष नरेश बराल र लेखा प्रमुख निमराज पौडेलले विगत ३३ वर्षदेखि समुदायमा आधारित क्याम्पसले आर्जन गरेको गरिमा गौरव गर्न लायक भएको बताए। क्याम्पसलाई कार्यथलो मानी काम गर्ने प्राध्यापक कर्मचारीको जरुर भलो हुने हुँदा चौतर्फी धाउँदा हुने सास्तीको अन्त्य गर्दै क्याम्पसको गुणस्तर कायम राख्न शिक्षक कर्मचारीको अहम् भूमिका हुने जनाए। शुभकामना आदानप्रदानसँगै शिलु चालिसे, टंकराज बरालले गीत गायन प्रस्तुत गरेका थिए भने राजेन्द्र पौडेल र सुरेश रानाभाटले कविता वाचन गरेका थिए।

जनप्रिय बहुमुखी क्याम्पसले त्रिभुवन विश्वविद्यालयको सम्बन्धन र विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर मान्यता प्राप्त गरेको छ। मानित विश्वविद्यालयको गोरेटोमा अगाडि बढेको जनप्रियले आफ्नै पहलमा पाठ्यक्रम तयार गरी स्वयत्त कार्यक्रम अन्तर्गत एमविए इन हस्पिट्यालिटी म्यानेजमेन्ट र स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन (बिएमटिएम) को शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ। क्याम्पसमा प्रातः र दिवा सत्रमा ४ हजार ५ सय भन्दा बढी विद्यार्थी अध्ययन गर्छन्। जनप्रियले देशभरिका १ हजार ९६ सामुदायिक क्याम्पस मध्ये २०७२ र २०७३ मा शिक्षामन्त्रालयबाट उत्कृष्ट क्याम्पसको पुरस्कार पाइसकेको छ भने २०८१ मा गण्डकी प्रदेशको सर्वोकृष्ट सामुदायिक क्याम्पसका रूपमा पुरस्कृत भएको छ। विश्वविद्यालय अनुदान आयोगको छनौटमा परेको जेएमसीले दुई पटक गुणमापन तथा प्रत्यानको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा सर्वोकृष्ट ठहरिएको छ भने तेस्रो चक्रका लागि प्रक्रियामा रहेको छ। क्याम्पसमा १ सय ५० प्राध्यापक र ३८ जना कर्मचारी कार्यरत छन्। यही असोज १७ गतेदेखि कार्त्तिक १९ गतेसम्म प्राध्यापक र विद्यार्थीका लागि क्याम्पसमा दसैंतिहार, छठको छुट्टी भए पनि प्रशासनिक काम भने यथावत् सञ्चालन हुने जानकारी उपप्रशासक एकनारायण अर्यालले दिए।

पब्लिक क्याम्पस प्राध्यापक संघ नेपाल र पब्लिक क्याम्पस कर्मचारी संघ जनप्रिय बुहुमुखी क्याम्पस इकाईको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रमको अध्यक्षता विकास थापामगरले गरेका थिए। कर्मचारी संघका अध्यक्ष देवी पनेरुले स्वागत मन्तव्य राखेका थिए भने प्राध्यापक संघका सचिव राजेन्द्र पौडेलले कार्यक्रम सञ्चालन गरेका थिए।

# गण्डकी प्रदेशका स्वास्थ्यमन्त्रीको स्वास्थ्य क्षेत्र सुधार कार्ययोजना सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य क्षेत्र सुधारको लक्ष्यसहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना सार्वजनिक गरेको छ। स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले मङ्गलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमार्फत स्वास्थ्य क्षेत्रको नीतिगत, संस्थागत र संरचनागत सुधारको खाकासहित भावी कार्ययोजना प्रस्तुत गर्नुभएको हो।

मन्त्री पाठकले नागरिकलाई सर्वसुलभ र गुणस्तीय सेवा प्रवाहका लागि आवधिक योजना बनाएर आफूले काम सुरुआत गरेको बताउनुभयो। "स्वास्थ्य क्षेत्रको आधारभूत तहदेखि सुधारका कामलाई तीव्रता दिन्छौं, मन्त्रालयको सिङ्गो टिम कार्ययोजना कार्यान्वयनका लागि प्रतिबद्ध छ", उहाँले भन्नुभयो, "सङ्घ र प्रदेशको स्वास्थ्य नीति, बजेट, प्रदेशको सम्भावना, अन्तर्राष्ट्रिय मान्यता आदिको गहन अध्ययन गरेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तय गरिएको छ।" योजना कार्यान्वयनका लागि स्रोतको प्रबन्ध गर्न सङ्घ सरकार, विकास साझेदारलगायतसँग सहकार्य गरिने मन्त्री पाठकले बताउनुभयो। कार्ययोजनामा कानूनी सुधार, सुशासन, आपूर्ति व्यवस्थापन, मातृ तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण, संस्थागत क्षमता विकास तथा विस्तार, सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता, सूचना व्यवस्थापन, जनस्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्य, सर्ने तथा नसर्ने रोगको व्यवस्थापनलगायतका विषय समेटिएका छन्। अल्पकालीन योजनातर्फ चिकित्सक एवं स्वास्थ्यकर्मी प्रोत्साहनसम्बन्धी कार्यविधि र प्रदेश जनस्वास्थ्य प्रयोगशाला सञ्चालन कार्यविधि तयार गरिने मन्त्री पाठकले बताउनुभयो। स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास गरिने उहाँको भनाइ छ। निजी स्वास्थ्य संस्था दर्ता, नवीकरण र अनुगमनसम्बन्धी कार्यविधि संशोधन गरिने कार्ययोजनामा उल्लेख छ।

प्रदेशभित्र औषधिको गुणस्तर जाँचको प्रबन्ध मिलाइने मन्त्री पाठकलले बताउनुभयो। पूर्ण संस्थागत सुत्केरी अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र पाठेघर खस्ने समस्या तथा फिस्टुला रोगको पहिचान गरी निःशुल्क उपचारको व्यवस्था गरिने उहाँले उल्लेख गर्नुभयो। गण्डकी र धवलागिरि आयुर्वेद औषधालयमा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी अन्तरङ्ग सेवा व्यवस्थित गरिने भएको छ। मन्त्री पाठकले सर्ने रोग क्षयरोग, कुष्ठरोग र नसर्ने रोगको मधुमेह, उच्च रक्तचापलगायतका समुदायस्तरमा 'स्क्रिनिङ' गरिने मन्त्री पाठकले बताउनुभयो। प्रदेश सरकार मातहतका अस्पतालमा मानसिक रोगको उपचार सेवाको विस्तारका साथै मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरिने उहाँले बताउनुभयो। मध्यकालीन योजनाअन्तर्गत कानुनी सुधारतर्फ अस्पताल व्यवस्थापन समिति गठन आदेशको संशोधन एवं पुनःलेखन गरिने छ। सेवा करारमा स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापन कार्यविधि संशोधन गरिनेछ। भौतिक पूर्वाधारतर्फ लमजुङ, स्याङ्जा र दमौली अस्पतालको नयाँ भवन निर्माण सुरु गरिने कार्ययोजनामा जनाइएको छ। गण्डकी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गरिने उल्लेख छ। धवलागिरि अस्पताल, मातृशिशु मितेरी र लमजुङ अस्पतालमा मातृशिशु प्रतिक्षा गृह सञ्चालन गरिने जनाइएको छ। धवलागिरि अस्पताल, दमौली, मध्यविन्दु र स्याङ्जा अस्पतालमा ट्रमा केयर सेन्टरको स्थापना गरी दुर्घटनामा परेका वा ठूलो चोटपटक लागेका बिरामीलाई तत्काल आवश्यक उपचारको व्यवस्था मिलाइने मन्त्री पाठकले बताउनुभयो। दीर्घकालीन योजनामा स्वास्थ्य क्षेत्रको विशेषता र संवदेनशीलतालाई ध्यान दिई सार्वजनिक खरिद ऐन तथा नियमावली संशोधन गर्न पहल गरिने उल्लेख छ। स्वास्थ्य क्षेत्रमा प्रदेश सरकारको कुल बजेटमा १० प्रतिशत हुने गरी व्यक्तिगत खर्चको भार क्रमशः घटाउँदै लगिने लक्ष्य लिइएको छ। अस्पतालमा आवासगृह व्यवस्थापन, प्रदेशमा क्यान्सर, मुट र मृगौला रोगको विशिष्टीकृत अस्पतालको स्थापना गरिने उल्लेख छ। बिरामीको आकस्मिक उद्धारका लागि एयर एम्बुलेन्सको व्यवस्थापन गरिने मन्त्री पाठकले बताउनुभयो। निजी क्षेत्रले लगानी गर्न सक्ने जनस्वास्थ्यका क्षेत्र तथा परियोजना पहिचान गरी स्वास्थ्य क्षेत्र लगानी खाका तयार गरी लागू गरिने उहाँले बताउनुभयो। त्यस अवसरमा मन्त्रालयका सचिव डा विनोदबिन्दु शर्माले सीमित स्रोतसाधनका बावजुत मन्त्रालय मातहतका निकायले उत्कृष्ट सेवा प्रवाह गरिरहेको दाबी गर्नुभयो। प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले सङ्घ सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र र गोरखाको आँपपिपल प्राथमिक स्वास्थ्य केन्द्रलाई व्यवस्थित ढङ्गले सञ्चालन गरिने बताउनुभयो।

# 'एमेच्युअर फुटबल'मा बिहीबारदेखि क्वाटरफाइनलका खेल

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

पोखरा महानगरपालिका १५ नयाँगाउँमा जारी विकास प्रिजेन्टस् सिक्स ए साइड एमेच्युअर फुटबल प्रतियोगिता आज प्रिक्वाटरका ९ खेल सम्पन्न भएका छन्।



कार्यक्रम संयोजक विकास गुरुङका अनुसार बुधबार भएको पहिलो खेलमा खाल्टे एफसीले रानीपौवा एफसीलाई २-१ गोल अन्तरले पराजित गर्यो। यस्तै अर्को खेलमा एके हाउसले गण्डकी प्रदेश टिमलाई ४-३ गोल अन्तरले हरायो। तेसो खेलमा चाउँथे एफसीले सेभेन ट एटलाई ३-२ गोलअन्तरले पराजित गर्यो। चौथों खेलमा ग्रुप म्यासअपले नयाँगाउँ ब्रदर्शलाई १-० को फराकिलो गोल अन्तरले पराजित गर्यो। पाँचौ खेलमा नव प्रतिभाले डिटिसीलाई ३-१ गोल अन्तरले पाखा लगायो।

छैटौं खेलमा मिलन टोलले केएनबीलाई पेनाल्टीमा ३-२ गोलले पराजित गर्यो।

सातौं खेलमा बिवाइसीले वी आर वनलाई १-० गोल अन्तरले हरायो। आठौं खेलमा एसएन ब्रदर्शले रमाइलो एफसीलाई पेनाल्टी सुटआउटमा ४-३ गोलले हरायो। बुधबार भएको अन्तिम खेलमा याम ब्रदर्शलाई प्रिस्कियस ब्यूटी नयाँगाउँले २-० गोल अन्तरले पराजित गर्दै क्वाटरमा प्रवेश गर्यो। अब बिहीबार क्वाटरसँगै सेमिफाइनलका खेल सम्पन्न गर्ने आयोजकले जनाएको छ।

प्रतियोगितामा कुल २६ टिमको सहभागिता रहेको छ।

नयाँगाउँ युवा क्लबको विशेष सहयोगमा पाँच दिन चल्ने सो प्रतियोगिताको विजेताले नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै उपविजेताले रु ३० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ।

प्रतियोगितामा विधागततर्फ उत्कृष्ट खेलाडी, उदीयमान खेलाडी, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर तथा सर्वाधिक गोलकर्तालाई जनही ३ हजार रुपैयाँले पुरस्कृत गरिनेछ। भने, एउटा अनुशासित टिमलाई नगद रु ५ हजार प्रदान गरिनेछ।

# पोखरा सौराहमा अत्याधुनिक सुबिधा भएको बस सेवा

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

दशैं पर्वको अवसरमा पोखरा देखि सौराहासम्म सोफा एसी बस सञ्चालनमा आउने भएको छ। अत्याधुनिक सुविधा भएको उक्त बस पोखराको पर्यटन बसपार्कबाट बिहान ७:३० बजे र सौराहाबाट विहान ७:०० छुट्ने पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्रबहादुर केसीले बताउनु भयो।

सुबिधा युक्त २५ सिट भएको उक्त बस असोज १७ गते घटनस्थापनाका दिन देखी बस सेवा सञ्चालन आउने उहाँले जनाउनु भयो। यात्रुको सुविधालाई मध्यनजर गर्दै थप सुविधा सम्पन्न बस पोखरा-नारायणगढ रुटमा संचालन गरिएको अध्यक्ष केसीले जनाउनु भयो। बसमा एसी सहित २/१ सोफाको सुविधा रहेको छ भने ११ सय रुपैयाँ भाडादर निर्धारण गरिएको बसमा छुट्टै पोशाक सहित अनुभवी चालक रहेको कम्पनीले जनाएको छ। करिब डेढ करोडको लागतमा दुई वटा बस सेवा संचालन गरिएको अध्यक्ष केसीले जनाउनु भयो।

यात्रुलाई बसमा फ्रुट, बिस्कुट, लेज, कुरकुरे सहितका सेवा दिने भएको छ भने यात्रुकै रोजाई अनुरुपको खाना खाने ठाउँमा बस राक्ने भएको कम्पनीले जनाएको छ। उक्त रुटमा पहिलो पटक सुविधायुक्त बस सञ्चालन गर्न लागिएको अध्यक्ष केसीले बताउनु भयो।

सौराहाबाट ७ बजे चेढेका यात्रु १ बजे पोखरा आइपुग्ने र पोखराबाट ७:३० बजे चढेका यात्रु १ देखि २ बजेसम्म सौराहा पुर्याइने कम्पनीले लक्ष्य लिएको छ। पोखरा मुग्लिङ सडक स्तरोन्नतीले गर्दा कहिले काहि भने केही ढिला हुन सक्ने केसीले जनाउनु भयो। पर्यटनको राजधानि पोखरामा पोखरा काठमाण्डौं लगायतका रुटमा अत्याध'निक सेवा भएका बसहरु संचालन भए पनि पोखरा सौराहमा यस्तो सुविधा भएको बस सेवा संचालन भएसंगै पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने अध्यक्ष केसीले विश्वास व्यक्त गर्नुभयो।

# विद्यालयमा अक्षयकोष तथा खाद्यान्न सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालस्थित राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयमा एक लाख एक हजार १११ रुपैयाँ नगद एवम् खाद्यान्न सहयोग प्राप्त भएको छ।

विद्यालयको दीर्घकालीन सञ्चालनमा सहयोग पुर्याउने उद्देश्यका साथ पोखरा - १६ निवाशी धनबहादुर थापाले एक कार्यक्रमका बीच विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्रप्रसाद रेग्मीलाई खाद्यान्न तथा उक्त रकम बराबरको चेक हस्तान्तरण गर्नुभएको हो।

सहयोग हस्तान्तरण गर्दै समाजसेवी थापाले गुरुकुल संस्कृत विद्यालयको दीर्घकालीन सञ्चालनमा केही न केही सहयोग पुगोस् भन्ने उद्देश्यका साथ सहयोग गरेको बताउनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्रप्रसाद रेग्मीले सिमित साधनस्रोतका बीच विद्यालय सञ्चालन भैरहेको बताउनुभयो। यस्तै किसिमका सहयोगले यहाँको दीर्घकालीन सञ्चालन एवम् व्यवस्थापनमा सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। कार्यक्रमका प्रमुख अतिथि एवम् राधाकृष्ण मन्दिर शान्ति आश्रमका सह अध्यक्ष गणेशबहादुर खत्रीले गुरुकुल यहाँको गौरव भएको बताउँदै यसको दीर्घकालीन सञ्चालन र व्यवस्थापनका लागि सबैको सामुहिक प्रयास आवश्यक हुने बताउनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रेग्मीको सभापतित्व एवम् विद्यालयका प्रधानाध्यापक प्रकाश उपाध्याय रेग्मीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत राधाकृष्ण मन्दिर शान्ति आश्रमका सचिव घनश्याम खनालले गर्नुभएको थियो। कार्यक्रममा विद्यालयका सल्लाहकारहरू चन्द्रावती पौडेल, विष्णुबहादुर बस्नेत लगायतले गुरुकुललाई दीर्घकालीन रुपमा व्यवस्थित ढंगले सञ्चालनका सम्बद्ध सबै पक्षको साथ र सहयोग आवश्यक रहेकोमा जोड दिनुभयो।

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# नेतृत्वको रोजाइ भइन्जेल भद्रगोल

नेकपा माओवादी केन्द्रको विद्यार्थी संगठन अखिल क्रान्तिकारीको २३ औं राष्ट्रिय सम्मेलन नयाँ नेतृत्व छान्दै नछानी स्थगित भएको छ । अध्यक्ष मण्डलले बुधबार एक सूचना जारी गरी बाढी पहिरोले धनजनको क्षति भएको, दशैं सुरु हुन लागेको र दशैं अघि निर्वाचन सक्न कठिन हुने कारण देखाएर सम्मेलन स्थगित गरेको उल्लेख गरेको छ । पञ्चा सिंह नेतृत्वमा रहेको कमिटी विघटन गरेपछि नयाँ कमिटी ल्याउनका लागि वीरबहादुर थापाको संयोजकत्वमा सात सदस्यीय अध्यक्ष मण्डल बनाइएको थियो । अध्यक्षमण्डललाई बुधबार साँझ निर्वाचन आयोगले राष्ट्रिय सम्मेलन स्थगित गर्न उपयुक्त हुने सुझाव सहितको प्रतिवेदन बुझाएको थियो । उमेर हद लागु गर्ने/नगर्ने विवादमा सम्मेलन तीन दिनदेखि अड्किएको छ । स्थगित राष्ट्रिय सम्मेलन कहिले गर्ने बारे पार्टीसँग संवाद गरेर निर्णय गरिने भएको छ ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई सोमबार विद्यार्थी नेताहरुले भेटेपछि उमेर हदबारे मतदानबाट निर्णय लिने गरी प्रक्रिया अघि बढाउने तयारी थियो । उमेर हदको पक्ष र विपक्षमा मतदान गर्ने र उमेरका लागि २८, ३० र ३२ मध्ये एक रोज्ने गरी मतदान गराउन लागिएको थियो । उमेर हदको विपक्षमा एक समूह मुद्दा प्रवेश हुनासाथ देखियो । अध्यक्षका आकांक्षीलाई नेताहरु जनार्दन शर्मा र वर्षमान पुनले साथ दिएको कारण तोडफोडको अवस्थामा उत्रिन पुगे । उमेर हद लगाउनुपर्ने पक्षधरले उनीहरुको काउन्टर गरे । पार्टीबाट खटिएका उपमहासचिव शक्ति बस्नेत र अखिल क्रान्तिकारीका पूर्व अध्यक्षहरुले दुई समूहको विवादलाई मत्थर पारे । तर नेतृत्वले ठोस निर्णय गर्न नचाहदा सम्मेलन स्थगित भयो भने टीका लगाउने वातावरण बनाउन सघाएको छ । मतदान प्रक्रियामा जानुअघि विवादित सात जिल्लाको प्रतिनिधि टुंग्याउन लागियो । अखिल क्रान्तिकारीका नेताहरुका अनुसार विवादित जिल्लाको प्रतिनिधि टुंगो लगाएर मंगलबार १२ बजे अघि निर्वाचन समितिलाई प्रतिनिधिहरुको नाम बुझाइएको थियो । निर्वाचन समितिले मतदान प्रक्रिया सुरु नगर्दै उमेरहदका विपक्षमा मंगलबार पुनः विरोध गरे । दोस्रो दिन पनि भनाभन, हात हालाहाल र कुर्ची तोडफोड भएपछि मतदान प्रक्रिया सुरु हुन सकेन ।

मंगलबार सहमति जुट्न नसकेपछि उमेर हदको मुद्दालाई टुंग्याउने गरी अध्यक्ष मण्डलले बुधबारका लागि मतदानको कार्यतालिका सार्वजनिक गरेको थियो । तर, बुधबार पनि निर्वाचन प्रक्रिया सुरु हुन सकेन । बुधबार बिहान अध्यक्ष प्रचण्डले पदाधिकारी बैठक खुमलटार डाकेका थिए । विद्यार्थीको समस्या विद्यार्थीले नै समाधान निकाल्नुपर्ने भन्दै पदाधिकारीले संगठनलाई नै जिम्मेवारी दिएको थियो । बुधबार मतदान हुने आशामा रहेका प्रतिनिधिहरु बिहीबार विहान १० बजेबाट बन्द सत्र सुरु हुने निर्णय सार्वजनिक गरेपछि आक्रोशित बनेका थिए । बिहीबारका लागि बन्द सत्र सारिएपछि गण्डकीका प्रतिनिधिले सम्मेलन केन्द्रका कुर्ची तोडफोड गरे । सम्मेलन अनिश्चित बनेपछि प्रतिनिधिहरु निराश भई घर फर्किएका छन । उमेर हदको विपक्षमा मुख्य गरी उपाध्यक्ष तुकमान महरा, केशव रावल लगायतका विद्यार्थी नेता देखिएका छन् । उमेर हद लागु हुँदा अध्यक्षमा दाबी गरेका सबै जना उम्मेदवार हुन नपाउने अवस्था हुन्छ । उमेर हद लागु हुनुपर्छ र हुनुहुँदैन भन्ने दुबै थरीले आ-आफ्नो तर्क पेश गरेका छन् । संघर्षबाट आएकालाई उनीहरुको योगदानको अवमूल्यन हुने गरी संगठनबाट बाहिर पठाउन नहुने उमेर हद लागु गर्न हुँदैन भन्ने पक्षधरको भनाइ छ ।

उनीहरुले अर्को तर्कमा आन्दोलनबाट आएकाले सडकको मोर्चा सम्हाल्नसक्ने र परिपक्वता हुने दाबी गरेका छन् । एउटा पक्ष परिपक्व व्यक्तिले नेतृत्व लिनुपर्ने तर्क देखाउँदै उमेर हद राख्न नहुनेमा अडान राखिरहेको छ । विद्यार्थी संगठनको मुख्य दायित्व विद्यार्थीको हक हितका लागि हुनुपर्ने हो । 'विद्यार्थीका हक अधिकारका लागि लड्न पहिले आफू विद्यार्थी हुनुपर्नेमा त्यो नहुँदा समस्या खडा भएको छ । अघिल्लो पुस्ता विद्यार्थी संगठनमा टिकिराख्न बल गर्दा नेतृत्व विकासमा जाम लाग्ने गरेको छ । हरेक संगठनका सम्मेलन प्रतिनिधिको मतले होइन नेतृत्वको रोजाइ भइन्जेल हुने भद्रगोल नै हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## निर्माणाधीन बुर्तिबाङ सबस्टेशनको

# व्यासका चार वडालाई जोड्ने गरी चक्रपथ निर्माण गरिदै

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ भदौं

व्यास नगरपालिकाका चार वडालाई जोड्नेगरी चक्रपथ निर्माण प्रारम्भ भएको छ । नगरपालिकाका ७, ९, १० र ११ वडालाई जोड्ने गरी चक्रपथ निर्माण प्रारम्भ भएको हो ।

विश्व बैंकको आर्थिक सहयोगमा सहरी शासकीय तथा पूर्वाधार विकास आयोजनालेव्यासको गौरव आयोजनामा समावेश भएको पराशर मार्गअन्र्तगत यस सडकको स्तरोन्नति थालिएको नगरपालिकाकाप्रमुखप्रशासकीय अधिकृत काशीराम गैरेले बताउनुभयो । पृथ्वीराजमार्गसँग जोडिएको व्यास नगरपालिक-१२ को घाँसीकुवासँग जोडिनेगरी पोल्याङसेरा,बेलटारी,फराकचौर,अधीभञ्ज्याङ, कुमालगाउँ, समता स्कुल हुँदै व्यास मार्गमा पर्ने कलेस्ती बजारसम्म पुग्ने १०.५५ किलोमिटर बाटो धमाधम कालोपत्र भइरहेको छ । मूल्य अभिवृद्धि कर (भ्याट)सहित रु ४० करोड ८३ लाख ३५ हजार ९२१ मा निर्माण सम्झौता भएको यो आगामी असारसम्ममा निर्माण कम्पनीले सम्पन्न गर्नुपर्ने नगरपालिकाले जनाएको छ ।

प्रारम्भमा पराशर मार्ग, छाब्दी केशवटार र माहिन्द्री मार्गको स्तरोन्नतिका लागि प्रस्ताव गरिएकामा चार वडा जोड्ने आयोजना छनोटमा परेको हो ।

# मुक्तिनाथ-पुराङ-झोङ-तेताङ सडक निर्माण सुरु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १६ भदौं

मुस्ताङको गारागुङ-रानीपौवाबाट मुक्तिनाथ-पुराङ-झोङ हुँदै तेताङ जोड्ने सडक खोल्ने तथा स्तरोन्नति गर्ने आयोजना सुरु भएको छ । आयोजनामार्फत रानीपौवाबाट झोङसम्म चार किलोमिटरमा 'प्रिमिक्स' प्रविधिको कालोपत्र र झोङबाट तेताङसम्म सात किलोमिटर नयाँ मार्ग निर्माण गरिने मुस्तुाङ पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी घनश्याम मगरले जानकारी दिनुभयो ।

"सम्झौता गरेको निर्माण कम्पनीले तेताङतर्फबाट डोजर परिचालन गरेर 'ट्र्याक' निर्माण थालेको छ", उहाँले भन्नुभयो, "रानीपौवा-झोङ खण्डमा कालोपत्रका लागि पहिलो चरणमा सडक फराकिलो बनाउन सुरु भएको छ ।" यो आयोजनाका लागि गण्डकी प्रदेश सरकारले रु १० करोड बजेट विनियोजन गरेको छ । विसं २०८३ साउन २८ गतेसम्म ठेक्का सम्झौताको म्याद रहेको आयोजनाका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु एक करोड ६० लाख बजेट विनियोजन गरेको छ ।

यो कालीगण्डकी करिडोरको कागबेनी-छुसाङ खण्डको वैकल्पिक सडक हो । कागबेनीबाट मुक्तिनाथ मन्दिरमा जाने पर्यटक तथा तीर्थयात्रीलाई यही सडक भएर उपल्लो मुस्ताङको यात्रा गर्न सहज हुनेछ ।

वारागुङ मुक्तिक्षेत्र,लोघेकर-दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाका बासिन्दा, पर्यटक र तीर्थयात्रीलाई सहज हुने भएकाले यो सडकलाई प्राथमिकता दिएको हो ।

# सहाराविहीन बालबालिकालाई नि:शुल्क शिक्षा

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ भदौं

यहाँको व्यास नगरपालिकाद्वारा सञ्चालित व्यास नगर समता विद्यालयले बेसहारा ५५ बालबालिकालाई आवाससहितको निःशुल्क शिक्षा प्रदान गरेको छ ।

व्यास-७ कलेस्तीस्थित विद्यालयले विपन्न र अभिभावकविहीन बालबालिकालाई उक्त सुविधा उपलब्ध गराएको हो ।

शिक्षाबाट बालबालिका वञ्चित हुन नपरोस भनी विद्यालय स्थापना गरिएको व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो ।

"म आफैं शिक्षा क्षेत्रबाट आएको व्यक्ति भएकाले समाजका असहाय बालबालिकालाई गुणस्तरीय शिक्षा दिन यो विद्यालयको स्थापना गरेको हुँ," उहाँले भन्नुभयो । नगरप्रमुख न्यौपानेले विद्यालयलाई नगरपालिकाले निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI ०६१००१४१२७ | अमला भट्टचन | पोखरा- ५, कास्की |


# पोखराको विन्ध्यवासीनी वसपार्कमा यात्रु सहायता कक्ष

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज



जिल्ला ट्राफिक कार्यालय कास्कीको पहलमा पोखराको विन्ध्यवासीनी वसपार्कमा यात्रु सहायता कक्षा राखिएको छ ।

जिल्ला प्रशाशन कार्यालय कास्की, जिल्ला प्रहरी कार्यालय कास्कीको सहकार्य तथा सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगर र पृथ्वीराजमार्ग वस सञ्चालक कम्पनी प्रालिको सहयोगमा यात्रु सहायता कक्ष राखिएको हो ।

वडा प्रहरी कार्यालय वगर र अस्थायी ट्राफिक पोष्ट वगरको निगरानिमा रहने उक्त यात्रु सहायता कक्ष चाड पर्वलाई लक्षित गरेर राखिएको हो ।

कार्यक्रममा बोल्दै वडा प्रहरी कार्यालय वगरका प्रमुख प्रहरी निरीक्षक देवराज भट्टराईले यात्रुहरुको सहजताका लागि नै यात्रु सहायता कक्ष राखिएको बताउनुभयो । 'चाड पर्वमा यात्रुहरु जिल्ला वाहिर जाने क्रम र भित्रने क्रम वढ्दो हुन्छ' भट्टराईले भन्नुभयो, 'यात्रा गर्दा यात्रुहरुका समस्यालाई सम्वोधन गर्नका लागि नै कक्ष स्थापना गरिएको हो ।' उहाँले चालकदलले संवेदशनशिल वनेर यात्रुहरुलाई सेवा दिन आग्रह गर्नुभयो । सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीले यात्रुहरुले केहि समस्या परेमा निर्धक्क भएर यात्रु सहायत कक्षमा सहयोग लिन आग्रह गर्नुभयो । नेपाल यातायात स्वतन्त्र मजदुर संगठन गण्डकी प्रदेशका सहसचिव वालकृष्ण पोखेलले सवारी साधनमा यात्रुहरुलाई सेवा दिदा विशेष ख्याल गर्न आग्रह गर्नुभयो ।

अस्थायी ट्राफिक पोष्ट वगरका ईनचार्ज प्रहरी नायव निरीक्षक भिमबहादुर खत्रीले यात्रुहरुसँग प्रत्यक्ष जोडिने काम कक्षले गर्ने बताउनुभयो ।

# जनप्रकाशमा साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज

पोखरा महानगरपालिका वडा नं. २९, भण्डारढिकमा अवस्थीत जनप्रकाश बहुहुखी क्याम्पसको २० औं साधरण सभा एक समारोह विच बुधबार सम्पन्न भएको छ ।

क्याम्पस सन्चालक समितिका अध्यक्ष विजयराज भण्डारीको सभापतित्वमा संचालित उक्त कार्यक्रममा संघिय सांसद एवं प्रतिनिधि सभा सदस्य श्री जिवन परीयारको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी परीयारले पब्लीक क्याम्पस देशको गहना भएको हुदा सबै तहका सरकारले यिनको संरक्षण र दिगो सन्चालनको लागी विशेष पहल गर्नुपर्ने बताए साथै समाज रुपान्तरण र देशको शैक्षिक उन्नयनमा जनप्रकाश बहुमुखी क्याम्पसले पुऱ्याएको योगदानको मुक्तकण्ठले प्रशंसा गरे साथै क्याम्पसका हरेक सुख दुख मा आफु हातेमालो गरी अगाडी बढ्ने धारण व्यक्त गरे । उक्त कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. २९ का वडा अध्यक्ष श्रीप्रसाद गुरुङ, वडा नं. २७ का वडा अध्यक्ष श्री पुर्ण कुमार गुरुङ, वडा नं. ३२ का अध्यक्ष श्री अक्कल बहादुर कार्की, पुर्ब संचालक समिति अध्यक्ष माधव भण्डारी, प्राध्यापक संघका सभापति श्री युवराज लामिछाने, प्रेमकला आचार्य, लक्ष्मण थापा क्षेत्री लगायतले बोलेका थिए ।

क्याम्पस प्रमुख ऋषिराम बुढाथोकीले क्याम्पसको प्रगति प्रतिबेदन प्रस्तुत गरेको कार्यक्रममा लेखा समिति संयोजक सुरेन्द्र राज अधिकारीले क्याम्पसको लेखा प्रतिवेदन पेश गरेका थिए । साथै उक्त कार्यक्रममा क्याम्पसले प्रकाशन गरेको जर्नल "जनप्रकाश जर्नल अफ मल्टिडिसिप्लेनरी रिर्सचको" विर्मोचन गरीएको कार्यक्रमको सन्चालन सहायक क्याम्पस प्रमुख श्री अर्जुन ओझाले गरेको प्राध्यापक संघ सभापति युवराज लामिछानेले जानकारी गराए ।

# अँधेरी खोलामा पुल बनेपछि आवागमन सहज

**पोखरापत्र संवाददाता**
वालिङ, १६ असोज

वालिङ नगरपालिका-१४ र भीरकोट नगरपालिका-९ स्थित अँधेरी खोलामा झोलुङ्गे पुल बनेपछि स्थानीयलाई सहज भएको छ । बिएलटी कन्ट्रक्सन प्रालि कोहलपुर बाँकेले रु ७९ लाखमा पुल निर्माणको ठेक्का सम्झौता गरेको थियो ।

पुलःनिर्माण समितिका अध्यक्ष टेकबहादुर दर्लामीका अनुसार एक सय ५२ मिटर लामो उक्त पुल खोलाबाट दुई हजार ८० मिटर उचाइमा निर्माण भएको छ । विसं २०८० असोज ५ गते उद्घाटन भएको पुल सर्वसाधारणका लागि खुल्ला गरिएसँगै दुई घण्टाको बाटो आधा घण्टामा छोटिएको उहाँले बताउनुभयो । यहाँ पुल नहुँदा स्थानीय दुई घण्टाको लामो वैकल्पिक बाटो हिँड्न बाध्य थिए । पुल बनेपछि भने लामो बाटो आधा घण्टामा छोटिएको अध्यक्ष दर्लामीले जानकारी दिनुभयो । "पुल बनेपनि विद्यार्थी, बटुवा तथा दैनिक आवतजावत गर्नेलाई सहज भएको छ । किसानलाई उत्पादित सामान ओसारपसार गर्न र बजारसम्म लैजान सहज भएको हो", उहाँले भन्नुभयो । यहाँ पुल बनेपछि वालिङ नगरपालिका र भीरकोट नगरपालिका एक दर्जनबढी बस्तीका नागरिक लाभान्वित भएका छन् । सिम्ले, ठाना, करादी, काभ्रे, साउन्दी, चराङ, हिले, पाखुरे, जिमिरे, ठूली भञ्ज्याङ, जुनेली डाँडा, सिर्वानी, कपासे, हुग्दी, डुम्रेभन्ज्याङलगायत गाउँका पाँच सय बढी परिवारलाई प्रत्यक्ष लाभ पुगेको अध्यक्ष दर्लामीले बताउनुभयो ।

स्थानीय समाजसेवी प्रकाश न्यौपानेले पुलको वारिपारि ठाडो भीर हुनुका साथै खरबारीको बाटो चिप्लो र अफ्ठयारो भएकाले सजिलो बाटो निर्माण गर्नुपर्ने बताउनुभयो । स्थानीयको निरन्तर प्रयासपछि एक सय ५२ मिटर लामो पुल बनेको भन्दै विस्तारै सडक विस्तार र स्तरोन्नतिमा स्थानीय निकायले योजना बनाएर कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# प्रशारण लाइन प्रभावितलाई सीपमूलक तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ असोज

नेपाल विद्युत् प्राधिकरणद्वारा म्याग्दीमा निर्माणाधीन १३२ केभी क्षमताको डाडाखेत-राहुघाट प्रशारण लाइन आयोजना प्रभावितलाई सीपमूलक तालिम प्रदान गरिएको छ ।

प्राधिकरणको वातावरण विभागको आयोजनामा बेनीमा ६५ दिन सञ्चालन भएको तालिम आज सम्पन्न भएको हो । सम्बन्धित वडा कार्यालयको सिफारिसमा १५ जनालाई 'हाउस वायरिङ'सम्बन्धी तालिम दिइएको विभागका वातावरणविद् नवराज पोखरेलले जानकारी दिनुभयो । उहाँहरुलाई व्यावसायिक सीप तथा तालिम केन्द्रबाट मान्यता प्राप्त पहिलो तहको प्रमाणपत्र प्रदान गरिएको छ । म्याग्दी जिल्लामा घर तथा भवन निर्माणका लागि स्थानीय रुपमै दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले हाउस वायरिङसम्बन्धी तालिम प्रदान गरिएको वातावरणविद् पोखरेलले बताउनुभयो । रघुगङ्गा गाउँपालिका-३, बेनी नगरपालिका-९ र १०, मङ्गला गाउँपालिका-१, मालिका-६ र ७ मा प्रशारण लाइनको टावर निर्माण भइरहेको छ । १३२ केभी क्षमताको डबल सर्किट प्रशारण लाइनको ८२ वटा टावरमध्ये हालसम्म ३० वटा निर्माण सकिएको र ४८ वटा निर्माणाधीन रहेका आयोजना प्रमुख रोशन अग्रवालले बताउनुभयो । मालिका गाउँपालिका-७ डाडाखेतदेखि रघुगङ्गागाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने २५ किलोमिटर १३२ केभी क्षमताको प्रशारण लाइन र दुवै ठाउँमा सवस्टेशन निर्माणका लागि चार वर्षअघि निर्माण थालिएको आयोजनाको ५० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ ।

# स्वास्थ्य मन्त्रालयको परिसरमै डेङ्गी फैलाउने लामखुट्टेको बासस्थान !

**रासस**
गण्डकी, १६ असोज

डेङ्गी सङ्क्रमणविरुद्ध उक्त रोग सार्ने लामखुट्टेको बासस्थान ‘खोज र नष्ट गर’ अभियान सञ्चालन गरिरहेको गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयले आफ्नै मन्त्रालय परिसरको सरसफाइमा भने बेवास्ता गरेको पाइएको छ।

मन्त्रालयको वरिपरि यत्रतत्र रूपमा रहेका पुराना टायर, चर्के-फुटेका भाँडावर्तन, खाली बोतल, कवाडी सामग्री, भान्छाको फोहर आदि नहटाउँदा मन्त्रालयमै डेङ्गी सङ्क्रमणको जोखिम बढेको हो। मङ्गलबार अपरान्हपख मन्त्रालय परिसरमा पुग्दा पार्किस्थलको छेउमा रहेका साना टहराको चेपमा रहेका पुराना टायरमा सफा पानी जमेको देखिन्थ्यो। स्वास्थ्यकर्मीका अनुसार डेङ्गी रोग सार्ने ‘एडिस एजिप्टाई’ जातको पोथी लामखुट्टेको बासस्थान सबैभन्दा बढी पुराना टायरभित्र जमेको सफा पानीमा रहने गरेको छ। पुराना टायर, ड्रम, खाली बट्टा, पुराना भाँडाकुँडालगायतमा रहेको सफा र जमेको पानीमा उक्त लामखुट्टेले फुल पार्ने र लार्भा हुर्काउने गर्दछ।

लामखुट्टेको सोही जीवनचक्र खल्बल्याउन बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन भइरहेको हो। तर, सिङ्गो गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रको जिम्मा लिएको मन्त्रालय नै डेङ्गीको सङ्क्रमण फैलाउने लामखुट्टेको बासस्थान नष्ट गर्नमा चुकेको छ। सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट अलगिएर छुट्टै मन्त्रालयको अस्तित्वमा आएको स्वास्थ्य मन्त्रालय अहिले प्रदेश स्वास्थ्य निर्देशनालयको भवनबाट सञ्चालन भइरहेको छ। मन्त्रालयका भित्री कक्ष र कोठा सफा र चिटिक्क देखिएपछि बाहिरी परिसर भने अव्यस्थित देखिन्छ। मुख्य भवनको अगाडिपट्टि रहेको उद्यान पनि सरसरफाइ नहुँदा घाँसको झाडीले ढाकिएको छ। चमेनागृहबाट निस्कने फोहर पनि भवनको पछाडिपट्टि लगेर जथाभावी फाल्ने गरिएको भेटिएको छ। पत्रु परेका गाडी, फर्निचरलगायत सामग्री समयमा लिलाम नगरी भद्रगोल अवस्थामा राखिएको छ। पार्किङ परिसरमै थन्किएको मिनिट्रकभरि टायर, कार्पेटलगायत कवाडी सामान अलपत्र छाडिएको छ। खुला ठाउँमा राखिएका ती सामानमा पनि आकाशबाट परेको पानी जमेको छ। स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले प्रदेशको स्वास्थ्य क्षेत्र सुधार कार्ययोजना सार्वजनिक गरेकै दिन मन्त्रालयको सरसफाइको अवस्था दयनीय थियो। हातमुख धुने बेसिनको पाइप फुटेपछि पानीको निकासका लागि तलपट्टि फोहर राख्ने भाँडो थापिएको थियो। पुराना फलामका सामान, जस्ता पाता, प्लाष्टिक, पानीका खाली बोतल जहीतहीँ छरिएको अवस्थामा थिए। अरुलाई सरसफाइको सबक सिकाउने स्वास्थ्य मन्त्रालयकै सरसफाइको अवस्था किन त्यस्तो ? मन्त्रालयका सूचना अधिकारी एवं वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत प्रशान्तराज शर्माले मन्त्रालयलमा नियमित सरसफाइ गर्ने गरिएपनि कतै छुटेको हुन सक्ने बताउनुभयो। “सरसफाइमा कमी भएको रहेछ भने हामी सम्बन्धित कर्मचारीलाई कुरा गर्छौं, नयाँ मन्त्रालय भएकाले पनि केही व्यवस्थापकीय काम गर्न बाँकी छ”, उहाँले भन्नुभयो। पोखरा महानगरपालिकाको स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले डेङ्गी फैलाउने लामखुट्टको टोकाइबाट जोगिन घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्ने खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थल भेटिएमा नष्टगर्नुपर्नेबताउनुभयो।महानगरपालिकाले लामखट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि नै सुरु गरेको भएपनि डेङ्गी रोकथाम चुनौतीपूर्ण बन्दै गएको उहाँको भनाइ छ। “वर्षा रोकिएको केही दिनपछि डेङ्गीको सङ्क्रमण फैलने जोखिम उच्च हुने हुनाले समुदायका सबैले सजगता अपनाउनुपर्छ” रेग्मीले भन्नुभयो। जमेको सफा पानीमा बस्ने र दिउँसोमा मात्र मानिसलाई टोक्ने उक्त लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गी नियन्त्रणको उत्तम उपाय भएको उहाँले बताउनुभयो। डेङ्गीको शङ्का लागेमा तुरुन्त परीक्षण गरी र आवश्यकता अनुसार उपचार सुरु गर्नुपर्ने उहाँको भनाइ छ। डेङ्गीको सङ्क्रमणपछि एक्कासी उच्च ज्वरो आउने, रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखा गर्ने गरेको रेग्मीले बताउनुभयो। डेङ्गीले मानिसको ज्यानैसम्म लिने भएकाले सामान्य रूपमा लिन नहुने स्वास्थ्यकर्मी बताउँछन्।

स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार प्रदेशभर हालसम्म झण्डै १२ हजार जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ। पोखरा महानगरपालिकामा मात्रै गत पुसयता पाँच हजार बढीमा सङ्क्रमण पुष्टि भएको महानगरको स्वास्थ्य महाशाखाले जनाएको छ। जनघनत्व बढी भएका ठाउँमा डेङ्गी छिटो फैलने हुँदा मुख्य सहरी क्षेत्रमा सङ्क्रमण तीव्र बनेको हो। आगामी कात्तिक महिनासम्म डेङ्गी सङ्क्रमणको जोखिम कायम रहने भएकाले यो वर्ष सङ्क्रमितको सङ्ख्या अझै बढ्न सक्ने देखिएको महाशाखाका जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो। उहाँका अनुसार डेङ्गी सङ्क्रमणबाट पोखरामा तीन जनाको मृत्यु भएको छ। महानगरपालिकाको वडा नं. ५, ८ लगायतका वडा डेङ्गीबाट बढी प्रभावित भएको रेग्मीले जानकारी दिनुभयो।

# मनखुशी फाउण्डेशनको तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असोज




मनखुशी फाउण्डेशन कास्कीको आयोजनामा तीन दिने क्षमता तथा नेतृत्व विकास तालिम बुधवार सम्पन्न भयो।

गत सोमवारदेखी सुरुभएको तालिममा ३० जना दिदीवहिनीको सहभागिता रहेको थियो। तालिमको प्रशिक्षकमा संचारकर्मी रोजी श्रेष्ठ रहेकी थिइन्। गण्डकी प्रदेशका सांसद नन्दकला नेपालीले जीवनमा हाँस्न सके मात्र सकारात्मक सोचको विकास हुने भनिन्। हरेक दिदी वहिनीहरुले समसामयिक विषयमा पनि अध्ययन गर्ने वानी बसाल्न सासंद नेपालीले अनुरोध गरिन्।

जय भूपू सैनिक सुनचाँदी पसलका संचालक कमल सुनारले जीवनमा खुशी हुनको लागि अरुलाई सहयोग गर्ने अभ्यास गर्नु पर्नेमा जोड दिए। मनखुशी फाउण्डेशन कास्कीकी अध्यक्ष कृष्णकुमारी गुरुङले संस्थापनकालदेखी फाण्डेशनले टोपी र मोझा बुन्नेदेखी, उपादित सामनलाई बजारमा व्यवास्थापन गर्ने, विद्यालयमा शैक्षिक सामाग्री वितरण र मृगौला विरामीलाई आर्थिक सहयोग गर्दै आएको जानकारी दिइन। फाउण्डेशन कास्कीकी अध्यक्ष कृष्णकुमारीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा रोयल बचत तथा ऋण सहकारी सं.लि.का अध्यक्ष रुद्रकुमारी गुरुङ (मैना), अन्नपूर्ण टोल विकास संस्थाका उपाध्यक्ष बाबुराम सापकोटा, अन्नपुर्ण समाज घरका अध्यक्ष क्या. लालजङ गुरुङ, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा फाउण्डेशन कास्कीकी उपाध्यक्ष सरस्वती सिग्देलले स्वागत र फाउण्डेशन कास्कीकी सचिव रेखा गुरुङ त्रिपाठीले साहित्यमय स्वरमा कार्यक्रम संचालन गरेकी थिइन्।

# बाढीले विद्यालय डुबेपछि प्रतीक्षालयमा पठनपाठन

**पोखरापत्र संवाददाता**
दमौली, १६ असोज

देवघाट गाउँपालिका-५ साडेबगर स्थित महादेव आधारभूत विद्यालयको भवन बाढीले डुबाएपछि प्रतीक्षालयमा विद्यार्थी राखेर पठनपाठन सञ्चालन भएको छ। गत बिहीबार रातिदेखि परेको वर्षाका कारण विद्यालय डुबानमा परेपछि विद्यार्थीलाई प्रतीक्षालयमा राखेर पठनपाठन गराइएको हो।

विद्यालय भवनभित्र बाढी पसेर कुनै पनि कोठामा तत्काल पठनपाठन गर्न सम्भव नभएपछि विद्यालय नजिक रहेको प्रतीक्षालयमा राखेर पढाइरहेको विद्यालयका प्रधानाध्यापक शिवहरि वाग्लेले राससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “वर्षापछि कालीगण्डकी नदीमा आएको बाढीले विद्यालय भवनमा क्षति पुगेको छ। विद्यालयमा पठनपाठन सम्भव नभएपछि प्रतीक्षालयको सहारा लिएका छौँ।” वाग्लेका अनुसार प्रशासनिक कक्षमा रहेका सबै सामग्री नष्ट भएका छन्भने कक्षा कोठाका टेबल, कुर्सी, खाना पकाउने भाडा, शैक्षिक सामग्रीमा बाढीले क्षति पुगेको छ। उक्त विद्यालयमा १४ विद्यार्थी अध्ययनरत छन्।

नदी किनारमा विद्यालय भएकाले बाढी आउँदा जोखिममा परेको प्रअ वाग्लेले बताउनुभयो। उहाँले भन्नुभयो, “सुरक्षित रूपमा विद्यालय सञ्चालन गर्ने हो भने विद्यालय स्थानान्तरणको विकल्प छैन।” चिल्लो सडक खस्रो बनाइँदै। पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-३ गाउँपालिका चोकबाट मुख्य बजारसम्मको सडक चिल्लो भएर दिनहुँ दुर्घटना हुन थालेपछि गाउँपालिकाले डोजर लगाएर खस्रो बनाएको छ। उक्त सडक सुधारका लागि सडक डिभिजन कार्यालय तथा सरोकार भएका निकायलाई पटक-पटक आग्रह गर्दा पनि सुनुवाइ नभएपछि गाउँपालिकाले मङ्गलबार डोजर लगाएर कालोपत्र भत्काएको हो।

चिल्लो सडकका कारण दुर्घटना हुन थालेपछि गाउँपालिकाले चिल्लो सडक भत्काएर खस्रो बनाउने अभियान सुरु गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो। लामो समयदेखि दिनहुँजसो दुर्घटना हुन थालेको र सम्बन्धित निकायले सुनुवाइ नगरेपछि डोजरले चिल्लो भएको कालोपत्रको भाग भत्काइएको उहाँले जानकारी दिनुभयो। चुमानले भन्नुभयो, “पालिकाको चोकबाट बजारचोकसम्मको खण्डमा दर्जनौँ सवारीसाधन दुर्घटना हुनुको कारण चिल्लो सडक रहेको विभिन्न अनुगमन तथा स्थानीयबाट जानकारी भइसकेको छ। तत्काल मर्मतको आश्वासन पाए पनि काम भने भएन, दुर्घटना न्यूनीकरणका लागि यो कदम लिन बाध्य भयौँ।” चाडपर्व नजिकिँदै जाँदा सडक चाप पनि बढ्ने हुँदा झन् अकल्पनीय घटना नहोस् भन्न कालोपत्र निकालिएको उहाँको भनाइ छ। अध्यक्ष चुमानले केही महिनायता उक्त खण्डमा दिनहुँजसो सवारीसाधन चिप्लिएर दुर्घटना हुने गरेको बताउनुभयो।

सडक डिभिजन कार्यालयले सडकको निर्माण गरेको एमएस वर्ल्डवाइड पशुपति जेभी काठमाडौँलाई उक्त खण्ड सुधार गर्न गत शुक्रबार पत्र लेखेको थियो। सडक डिभिजन दमौलीका प्रमुख राजीव श्रेष्ठले सडक डिभिजन र निर्माण कम्पनीबीच भएको सम्झौता बमोजिम काम गर्न निर्देशन दिइएको जानकारी दिनुभयो।

# बागलुङका पर्यटकीय क्षेत्र सुनसान

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ भदौं

बागलुङका धार्मिक तथा पर्यटकीय क्षेत्र सुनासन बनेका छन्। बर्खाका कारण ठाउँ-ठाउँमा बाढी पहिरोले सडक अवरुद्ध हुँदा दुई महिनादेखि यहाँका पर्यटकीय क्षेत्र सुनसान बनेका हुन्।

बराह ताल, बेलढुङ्गा, गाजाको दह, घुम्टे, दिदीबहिनी झरना, सोलेडाँडालगायत दर्जनौं पर्यटकीय क्षेत्र सुनासन छन्। धेरै पर्यटक पुग्ने ढोरपाटन बराह मन्दिर र सिकार आरक्ष क्षेत्रमा पनि यो बेला पर्यटकको सङ्ख्या निकै कम भएको छ। गत वर्ष यो बेला पर्यटकीयस्थलमा चहलपहल बढ्न थालेको थियो। अहिले वर्षा नरोकिएको हुँदा सडक खुल्न सकेका छैनन्। सडक खुल्न नसक्दा घरबास (होम-स्टे) पनि सञ्चालन हुन सकेका छैनन्।

घरबासमा पाहुन पुग्न नसक्दा स्थानीय उत्पादनले बजारसमेत पाउन सकेका छैनन्। जिल्ला सदरमुकाम बागलुङबजार नजिकै रहेको कालिका मन्दिर, पञ्चकोट र शालग्राम सङ्ग्रहालयमा पनि पर्यटकको सङ्ख्या घटेको छ। यस वर्ष लामो झरीले गर्दा आधा असोज बितिसक्दा पनि सडक खुल्न सकेका छैनन्। गत वर्ष यति बेला सोलेडाँडामा पर्यटकको चहलपहल बढेको भए पनि अहिले सुनासन रहेको तमानखोला गाउँपालिका-३ कापूर्ण बुढामगरले बताउनुभयो। असोज लागिसक्दा पनि वर्षा नरोकिँदा सडक खुलाउन नसकेको उहाँको भनाइ छ। सडक बन्द हुँदा घुम्न आएका पर्यटक बीच बाटोबाटै फर्किने गरेको बुढा मगर बताउनुहुन्छ। बुढा मगरले भन्नुभयो, “असोजको पहिलो सातातिर वर्षा रोकिएको थियो, अहिले फेरि वर्षा हुन थालेको छ, बर्खाले गर्दा बाटो धेरै ठाउँ बिग्रिएको छ, पर्यटक सजिलै घुम्ने ठाउँमा पुग्न सकेका छैनन्, सोलडाँडामा यो बेला पोहोर परार साल निकै धेरै मान्छे आउँथे, तर अहिले आएका छैनन्, आएकाहरू पहिरोले सडक पुरिएपछि फर्किएर जान्छन्, अब कात्तिक लागेपछि मात्रै बाटो खुल्छ होला, त्यसपछि बल्ल पर्यटकको लर्को लाग्छ।”

यो याम ढोरपाटन घुम्नका लागि निकै उपयुक्त समय मानिन्छ तर सडकको दुरवस्थाका कारण निकै कम सङ्ख्यामा पर्यटक आएको ढोरपाटन होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन अदैले बताउनुभयो। अघिल्लो महिनासम्म सयौँ पर्यटक ढोरपाटन पुग्ने गरेको भन्दै असोज लागेपछि धेरै ठाउँमा सडक बिग्रँदा यात्रा कठिन हुँदा पर्यटक घटेको उहाँको भनाइ छ। बुर्तिबाङदेखि ढोरपाटनसम्मको करिब ३२ किलोमिटर सडकमा यात्रा गर्दा पर्यटकले सास्ती खेप्नुपरेको अध्यक्ष अदै बताउनुहुन्छ। यो सडक स्तरोन्नति नभएसम्म हजारौँ पर्यटकले बर्सेनि समस्या बेहोर्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ।

“धेरै पर्यटकको रोजाइमा अहिले ढोरपाटन परेको छ, ढोरपाटन आउने बुकीपाटन पनि जान चाहन्छन्, तर बुर्तिबाङबाट यहाँसम्म आउने सडकको अवस्था खराब हुँदा पर्यटक चाहेर पनि आउन सकेका छैनन्”, अध्यक्ष अदैले भन्नुभयो, “अघिल्लो महिनासम्म पर्यटकको सङ्ख्या राम्रो थियो, पछिल्लो झरीले गर्दा ह्वात्तै घट्यो, दसैँ नजिकिँदैछ, यो बेला हजारौँको सङ्ख्यामा पर्यटक आउँथे, तर सडकका कारण आउन सकेका छैनन्, वर्षा रोकिएर सडक सुधार भयो भने आउनेछन्।”

गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले वर्षा रोकिएपछि पर्यटकीय क्षेत्रमा पुग्नेसहित ग्रामीण सडक खुलाउने बताउनुभयो। यस वर्षको वर्षाले मध्यपहाडी लोकमार्गसहित ग्रामीण सडकमा ठूलो क्षति पुऱ्याएको हुँदा खुलाउन केही समय लाग्ने उहाँको भनाइ छ। वर्षा रोकिए दसैँ अगावै सबै अवरुद्ध सडक खुलाउने गरी तयारी गरिएको भण्डारीले जानकारी दिनुभयो।


## रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि. द्वारा RMC(आर.एम.सी.) तथा अस्फाल्ट प्लान्ट निर्माण तथा संचालन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/१७)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २५ मा रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम तथा ठेगाना** | **रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि., पोखरा महानगरपालिका वडा नं. २५** |
| **प्रस्तावको व्यहोरा** | **रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि. द्वारा RMC(आर.एम.सी.) तथा अस्फाल्ट प्लान्ट निर्माण तथा संचालन गर्ने** |
| **प्रभाव पर्नसक्ने जिल्ला, म.न.पा.** | **कास्की जिल्ला, पोखरा महानगरपालिका** |
| **कित्ता नं** | **साविकको कास्की जिल्ला हेम्जा गा.वि.स. वडा न. ०९ को कित्ता नं. १२४७ को कुल ५ रोपनी (२५४३.६६ वर्ग मि.) क्षेत्रफल** |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

**१. श्री पोखरा महानगपालिका, २५ नं. वडा कार्यालय फोन नं. ९८५६००३०२५**
**२. श्री पोखरा महानगरपालिका, पोखरा, फोन नं. ०६१ ५२०६००**
**३. श्री रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा. लि., पोखरा महानगरपालिका वडा नं. २५, फोन नं. ९८५६०३५८१९**
**४. श्री ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ् कन्सल्ट प्रा. लि., नयाँ बानेश्वर, काठमाण्डौ, फोन नं. ९८४६४०४११८**


# एभरेष्ट महिला भलिबल लिगमा कर्णाली विजयी

**रासस**
काठमाडौं, १६ भदौं

नेपालमा पहिलो पटक आयोजना भएको फ्रेन्चाइज एभरेष्ट महिला भलिबल लिगमा कर्णाली एसभिएस विजयी भएको छ। बुधबार भएको खेलमा उसले ललितपुर क्विन्सलाई पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित निकालेको हो।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको उक्त खेलमा कर्णालीले ललितपुर क्विन्सलाई ३-० सोझो सेटमा पराजित गरेको हो। आजको खेलमा कर्णालीले ललितपुरलाई पहिलो सेटमा २५-२२ अङ्कले पराजित गऱ्यो। दोस्रो सेट पनि २५-२२ अङ्कले नै जित्यो। खेलको अन्तिम निर्णायक सेटमा कर्णालीले ललितपुरलाई २९-२७ अङ्कले हरायो। कर्णालीले यसअघि मधेस युनाइटेडलाई ३-१ र गण्डकी थन्डर्सलाई ३-२ सेटले पराजित गरेको थियो। जितसँगै कर्णालीले आठ अङ्क जोडेको छ। तीन खेल खेलेको ललितपुरको ६ अङ्क छ। प्रतियोगितामा ललितपुर पहिलो पटक पराजित भएको हो। ललितपुरले यसअघि काठमाडौँ स्पाइकर्स र मधेसलाई समान ३-१ सेटले हराएको थियो। इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा नेपाली भलिबल इतिहामै पहिलो पटक आयोजना भएको उक्त प्रतियोगितामा ६ फ्रेन्चाइज टोली सहभागी छन्।


## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-२९ बस्ने हेमन्त खत्री र खड्क कमारी खत्रीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. १२७२८, १२७२५ को क्षेत्रफल १८०.८३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा दक्षिण तर्फ कि. नं. १२७२४, १२७२७ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।